२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक ,नाग्म शाखामा रहेको धरौटी खाता नं.०६२०१०५०२५०३८२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्ने छ।

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ।

४. प्राप्त हुन आएका वोलपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिनको १:०० बजे प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयमले तिर्नुपर्नेछ।

६. वालुवा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ।

| क्र.स. | विवरण | इकाई | दर (विक्री शुल्क) मु.अ.कर वाहेक |
|---|---|---|---|
| १. | वालुवा घाटगद्यी एंव बिक्री | प्रति घन मिटर | २०० |

७. बोलपत्र दाताले BOQ मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

८. कुल कवोल अंकलाइ तीन किस्ता कायम गरिनेछ। पहिलो किस्ता वापत कुल कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ६० प्रतिशत रकम मंसीर मसान्त र अन्तिम किस्ता रकम चैत्र भित्र दाखिला गर्नुपर्नेछ। उपरोक्त बमोजिम तोकिएको समयावधि भित्र ठेक्का किस्ता रकम दाखिला नगरेमा यस कार्यालयको पक्षमा जारी भई प्राप्त बैक जमानीबाट ठेक्का किस्ता असुल गरिनेछ। ठेक्का कवोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर वापतको रकम बरावरको १३ महिना अवधि भएको कार्यसम्पादन जमानत समेत सम्झौताका बखत पेश गर्नुपर्नेछ। ठेकेदारले नियमानुसारको मु.अ.कर तोकिएको समयावधि भित्र दाखीला नगरेमा उक्त जमानतबाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गरिनेछ। साथै ठेकेदारले कबोल गरेको अंकभन्दा कम रकम संकलन भई ठेक्का रकम भन्दा कम मु.अ.कर दाखीला भएमा नपुग रकम स्वीकृत बोलपत्रदाताले दाखीला गरी सो को जानकारी कार्यालयलाई गराउनुपर्नेछ। अन्यथा यस कार्यालयको पक्षमा जारी बैक जमानतबाट असुल गरी मु.अ.कर रकम दाखीला गरिनेछ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले तिलागुफा नगरपालिकाले तोकेको कर संकलन गर्दा प्रयोग गर्ने संकलन तथा बिक्रि तर्फको रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणीत नगरेको रसिदबाट कर संकलन गरेको पाईएमा नियमानुसार कारवाही गरिनेछ।

१०.ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिकरुपमा बुझाई सोको प्रमाण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

११.प्रथम किस्ता बुझाए पछी हुन आउने बाँकी रकमको हकमा २०७८ साउन मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड ) पेश गर्नु पर्ने छ।

१२.न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा नगर क्षेत्र भित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उद्योगहरुको संभावित कारोबारहरु लाई समावेश गरिएको छ। स्वीकृत लागत अनुमानमा उल्लेखित क्षेत्रको अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार/दातृनिकाय द्धारा सञ्चालन हुने विकास

नि.प्रमुख प्रशासकिय अधिकृत